# साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.को १९ औं वार्षिक साधारण सभाको काम कारबाही तथा निर्णय पुस्तिका (माइन्यूट)




२८ पौष, २०७७

## साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.

केन्द्रीय कार्यालय

सुविधानगर, तीनकुने, काठमाडौं ।

# साना किसान विकास वित्तीय संस्था लि.

## १९ औं वार्षिक साधारण सभाको कामकारवाही तथा निर्णयपुस्तिका (माइन्यूट)

## १. साधारण सभा आयोजना सम्बन्धमा सञ्चालकको निर्णय र प्रस्तावहरु निर्धारण

यस वित्तीय संस्थाको मिति २०७७ पौष ६ गते बसेको सञ्चालक समितिको ३९८ औं बैठकको निर्णयानुसार वित्तीय संस्थाको १९ औं वार्षिक साधारणसभा कम्पनी ऐन, २०६३ तथा वित्तीय संस्थाको प्रबन्धपत्र र नियमावली बमोजिम, निम्न लिखित मिति, समय र स्थानमा वर्तमान विश्वव्यापी कोभिड महामारीका कारण भर्चुअल विधिबाट बसी देहायका विषयहरुउपर छलफल गरी निर्णय भएको थियो ।

### १.१. सभाको मिति, स्थान र समय

(१) मिति : २०७७ पौष २८ गते (January 12, 2021) मङ्गलबार

(२) समय : बिहान ११.०० बजे

(३) स्थान : वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय प्राङ्गण, सुविधानगर, काठमाडौ ।

### १.२. छलफलका विषयहरु:

**(क) सामान्य प्रस्ताव :**

(१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आ.व.२०७६/०७७ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

(२) लेखा परीक्षकको प्रतिवेदन सहितको आ.व.२०७६/०७७ को वासलात, सोही अवधिको नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण र सो सम्बन्धी अनुसूचीहरु लगायत वार्षिक आर्थिक विवरणहरु समेत छलफल गरी पारित गर्ने ।

(३) कम्पनी ऐन २०६३ को दफा १११ एवम् बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३(१) अनुसार आ. व. २०७७/७८ को लागि लेखा परीक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने । *(लेखा परिक्षण समितिबाट कम्पनी ऐन, २०६३ को दफा १६५ को खण्ड (घ) को अधिनमा रही लेखापरीक्षकको पुन: नियुक्तिका लागि पारिश्रमिक भ्याट समेत रु. ३,५०,०००/- (अक्षरेपी तीन लाख पचास हजार) मात्र (कम्पनी ऐन २०६३ को दफा ७८ बमोजिमका प्रगति विवरण प्रमाणित र कर लेखा परीक्षण समेत) उपलब्ध गराउने गरी साविकका लेखा परीक्षक सि.ए. खगेन्द्र भट्टराई (खगेन्द्र एण्ड एसोसिएट्स) चार्टर्ड एकाउण्टेण्ट्सको नाम सिफारिस भई आएको छ ।)*

(४) आ.व.२०७६/७७ को कारोबारबाट भएको मुनाफा मध्येबाट शेयरधनीहरुलाई चुक्ता पुँजी रु. १,००,०२,२९,४२५/६६ को १.३१५७८९४७४ प्रतिशतले हुने नगद लाभांश रु. १,३१,६०,९१३/५० (अक्षेरेपी एक करोड एकतीस लाख साठी हजार नौसय तेह्र रुपियाँ पचास पैसा मात्र) नगद लाभांश (कर प्रयोजनका लागि) प्रदान गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

(५) यस वित्तीय संस्थाको स्वतन्त्र सञ्चालक पदमा नियुक्ति सम्बन्धमा ।

## (ख) विशेष प्रस्ताव :

(१) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०७६/७७ को कारोबारबाट भएको मुनाफा मध्येबाट शेयर धनीहरुलाई चुक्ता पुँजी रु. १,००,०२,२९,४२५/६६ को २५ प्रतिशतले हुने रु. २५,००,५७,३५६/४२ (अक्षरेपी पचीस करोड सन्ताउन्न हजार तीनसय छपन्न रुपैयाँ बयालिस पैसामात्र) बराबरको बोनस शेयर वितरण गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

(२) यस वित्तीय संस्थाको १३ औं साधारणसभाबाट स्वीकृत भई हकप्रद शेयर निश्कासन गर्दा बिक्री नभई बाँकी रहेको १२,४४२ कित्ता शेयरलाई लिलाम गरी बिक्री गर्न नेपाल धितोपत्र बोर्डबाट मिति २०७७/३/३१ मा निर्देशन भएको हुँदा ३३६८ कित्ता प्रवर्धक शेयर र ९०७४ कित्ता सर्वसाधारण शेयर गरी रु. १००/- दरका जम्मा १२,४४२ कित्ता शेयर लिलाम बिक्री गरी वित्तीय संस्थाको प्रबन्धपत्रमा सोही अनुसार संशोधन गर्ने ।

(३) यस वित्तीय संस्थाको प्रबन्धपत्रमा व्यवस्था भएको जारी र चुक्ता पुँजी क्रमशः रु. १,०००,२२९,४२५.६६ र रु. १,०००,२२९,४२५.६६ मा माथि विशेष प्रस्ताव (१) र (२) अनुसार वृद्धि गरी जारी र चुक्ता पुँजी क्रमश रु. १,२५,१५,३०,९८२/०८ र रु. १,२५,१५,३०,९८२/०८ कायम गर्ने र सोही बमोजिम मिलान गर्न प्रबन्धपत्रको दफा ५ मा संशोधन गर्ने ।

(४) यस वित्तीय संस्थाको नियमावलीको नियम २ र नियम २९ को उपनियम (१) खण्ड (घ) को उपखण्ड (आ) लाई संलग्न तीन महले विवरण अनुसार संशोधन गर्ने ।

(५) नियमनकारी निकायबाट प्रबन्धपत्र तथा नियमावलीमा संशोधन/फेरबदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार सोमा थपघट, परिमार्जन संशोधन तथा सच्याउनका लागि सञ्चालक समितिलाई अख्तियारी दिने ।

## (ग) विविध

## २. सभाको सूचना

साधारण सभाको सूचना सम्बन्धमा कम्पनी ऐन २०६३ को दफा ६७ को उपदफा (२) मा भएको व्यवस्था बमोजिम साधारण सभा आयोजना हुनुभन्दा एक्काईस दिन अगावै शेयर धनीहरुलाई निजहरुले यस बैंकलाई उपलब्ध गराएको ठेगानामा यस बैंकको केन्द्रीय र इलाका कार्यालय मार्फत सभा, मिति र छलफल गर्ने विषयहरु खोली संक्षिप्त वार्षिक आर्थिक विवरण समेत संलग्न राखी सूचना पठाइएको थियो । साधारण सभा सम्बन्धी सूचना र कम्पनी ऐन, २०६३ दफा ८४ अनुसारका संक्षिप्त आर्थिक विवरण राष्ट्रिय स्तरको दैनिक पत्रिका आर्थिक अभियान दैनिकमा मिति २०७७/०९/७ गते र सोही दैनिकमा मिति २०७७/९/१३ गते प्रकाशन समेत गरिएको थियो । कम्पनी ऐन, २०६३ को दफा ७८ बमोजिमको विवरणको विद्युतीय प्रति सधारण सभा हुनभन्दा २१ दिन अघि नै कम्पनी रजिष्ट्रार कार्यालयको तोकिएको वेबसाइटमा अपलोड गरिएको थियो । सोही ऐनको दफा ८४ उपदफा (३) बमोजिम वार्षिक साधारण सभा हुनुभन्दा एक्काईस दिन अगावै वार्षिक आर्थिक विवरण, सञ्चालकको प्रतिवेदन र लेखा परीक्षकको प्रतिवेदन यस वित्तीय संस्थाको वेवसाइटमा राख्नुका साथै केन्द्रीय कार्यालय र शेयर रजिष्ट्रार श्री नबिल ईन्भष्टमेण्ट बैंकिङ्ग लि.को कार्यालय नक्साल, काठमाडौंमा शेयर धनीहरुले निरीक्षण गर्न र प्राप्त गर्न सक्ने गरी व्यवस्था मिलाई राखिएको थियो ।

## ३. उपस्थिति

### ३.१. कम्पनी ऐन, २०६३ को दफा ६८ अनुरुप उपस्थित सञ्चालकहरु :

| | | |
|---|---|---|
| १. | श्री खेम बहादुर पाठक | अध्यक्ष |
| २. | श्री प्रताप सुवेदी | सञ्चालक |
| ३. | श्री चाँदनी ढकाल | सञ्चालक |
| ४. | श्री रवीन्द्र यादव | सञ्चालक |
| ५. | श्री उमेस लम्साल | सञ्चालक |
| ६. | श्री भुपेश छत्कुली | सञ्चालक |
| ७. | श्री महेन्द्र प्रसाद श्रेष्ठ | सञ्चालक |

### ३.२. शेयरधनी (प्रतिनिधि) हरुको उपस्थिति

१. कृषि विकास बैंक लि., प्रतिनिधि श्री बिक्रम थापा (शेयर कित्ता सङ्ख्या - २२,०३,४४६)

२. नबिल बैंक लि., प्रतिनिधि श्री मनोज कुमार यादव (शेयर कित्ता सङ्ख्या - ३,०३,६५२)

३. नेपाल बैंक लि., प्रतिनिधि श्री अनुप अर्याल (शेयर कित्ता सङ्ख्या - १,२१,४६०)

४. २३१ वटा संस्थापक शेयरधनी सान किसान कृषि सहकारी संस्थामध्ये ११ जना प्रत्यक्ष प्रतिनिधि र १९४ जना प्रोक्सीबाट प्रतिनिधित्व गरी कुल २०५ वटा साना किसान कृषि सहकारी संस्थाहरुको तर्फबाट ३९,९२,८०५ कित्ता शेयरको प्रतिनिधित्व रहेको थियो ।

५. सर्वसाधारण शेयरधनीका तर्फबाट भौतिकरुपमा उपस्थित ८ जना (कित्ता सङ्ख्या ५,९५२), प्रतिनिधि मार्फत (प्रोक्सी) उपस्थित १० जना (कित्ता सङ्ख्या ८४,६७५), र जुम मिटिङ्ग मार्फत सहभागी ६ जना (कित्ता सङ्ख्या १०,९१०) हुनु भएको थियो । जुम मिटिङ्गमा साना किसान कृषि सहकारी संस्थाहरुका प्रतिनिधिहरु जोडिएर कार्यक्रमलाई प्रत्यक्ष हेरिरहनु भएको थियो । कुल ७५ वटा लिङ्कबाट जुममा जोडिएको पाईएको थियो । किसान टेलिभिजनबाट प्रत्यक्ष प्रसारण गर्ने व्यवस्था समेत मिलाईएको थियो ।

### ३.३. प्रमुख कार्यकारी अधिकृत : डा. शिवराम प्रसाद कोइराला

### ३.४. कम्पनी सचिव : श्री झलेन्द्र भट्टराई

### ३.५. उच्च व्यवस्थापन तथा व्यवस्थापन

| | |
|---|---|
| १. डा. नवराज सिम्खडा | - नायव प्रमुख कार्यकारी अधिकृत |
| २. श्री कृष्ण प्रसाद लामिछाने | - विभागीय प्रमुख |
| ३. श्री अञ्जु पाठक | - विभागीय प्रमुख |
| ४. श्री ईशा के.सी. | - विभागीय प्रमुख |

### ३.६. अन्य उपस्थिति /पर्यविक्षक

| | |
|---|---|
| १. श्री पोषणराज लामिछाने | - कानूनी सल्लाहकार |
| २. कल्पना कुमारी बर्तौला | - सहायक रजिष्ट्रार, कम्पनी रजिष्ट्रारको कार्यालय |
| २. श्री खगेन्द्र भट्टराई, | - खगेन्द्र एण्ड एसोसिएट्स चार्टर्ड एकाउण्टेण्ट्स |
| ३. श्री मनिषा दहाल, | - प्रतिनिधि, शेयर रजिष्ट्रार नविल इन्भेष्मेण्ट बैंकिङ्ग लि. |

## ४. गणपूरक सङ्ख्या (कम्पनी ऐन, २०६३ को दफा ७३ अनुरुप)

| क्र सं | शेयरधनी | कुल शेयर कित्ता सङ्ख्या | भौतिक उपस्थिति | | प्रोक्सी उपस्थिति | | कुल | |
|---|---|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | कित्ता | सङ्ख्या | कित्ता | सङ्ख्या | कित्ता |
| १ | कृषि विकास बैंक लि. | २२०३४४६ | १ | २२०३४४६ | – | – | १ | २२०३४४६ |
| २ | नबिल बैंक लि. | ३०३६५२ | १ | ३०३६५२ | – | – | १ | ३०३६५२ |
| ३ | नेपाल बैंक लि. | १२१४६० | १ | १२१४६० | – | – | १ | १२१४६० |
| ४ | साना किसान कृषि सहकारी संस्था लि.हरु | ४३६५९६३ | ११ | ३५५५५५ | १९४ | ३६३७२५० | २०५ | ३९९२८०५ |
| ५ | सर्वसाधारण शेयरधनी | ३००७७७३ | ८ | ५९९२ | १० | ८४६७५ | १८ | ९०६६७ |
| | सर्वसाधारण शेयरधनी जुमबाट | | ६ | १०९१० | – | – | ६ | १०९१० |
| | जम्मा | १०००२२९४ | २८ | ३००१०१५ | २०४ | ३७२१९२५ | २३२ | ६७२२९४० |
| | प्रतिनिधित्व प्रतिशत | | | | | | | ६७.२१% |

## ५. सभाको वैधानिकता र सभा सञ्चालन

५.१. कम्पनी ऐन, २०६३ तथा बैंकको नियमावली बमोजिम यस सभा बोलाइएको र कम्पनी ऐनकोदफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपूरक सङ्ख्या बाँडफाँट भएको कुलशेयर सङ्ख्याको कम्तीमा ५० प्रतिशत भन्दा बढी शेयरधनीको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तीमा ३ जना शेयरधनीको उपस्थिति हुनुपर्ने प्रावधान बमोजिम वित्तीय संस्थाको १९ औं वार्षिक साधारण सभामा राखिएको शेयरधनीहरुको हाजिरी पुस्तिकामा हाजिरी जनाउने र भर्चुअल विधिबाट उपस्थिति जनाउने जम्मा शेयरधनीको सङ्ख्या २३२ एवम् कित्ता सङ्ख्या ६७,२२,९४० भएको र कुल शेयरको ६७.२१ प्रतिशत प्रतिनिधित्व भएको हुँदा कम्पनी सचिवले साधारण सभाको गणपूरक सङ्ख्या पुगेको र माथि बुँदा १,२,३ र ४ मा उल्लिखित विषयहरु समेतका आधारमा प्रचलित कम्पनी कानूनअनुसार सभा वैधानिक हुने जानकारी गराए पश्चात सभाले कम्पनी ऐन, २०६३ को दफा ६९ बमोजिम सभा गर्न मञ्जुर गरेको थियो ।

५.२. सभाको अध्यक्षता गर्नको लागि कम्पनी ऐन, २०६३ र यस वित्तीय संस्थाको नियमावलीमा व्यवस्था भए बमोजिम कम्पनी सचिवले वित्तीय संस्थाका सञ्चालक समितिका अध्यक्षज्यूलाई अनुरोध गर्नु भएपछि वित्तीय संस्थाका सञ्चालक समितिका अध्यक्ष श्री खेम बहादुर पाठकले सभापतिको आसन ग्रहण गर्नुभयो । दीप प्रज्वलन गरी सभापतिबाट कार्यक्रम समुदघाटन भएपश्चात सामूहिकरुपमा राष्ट्रिय गान गाईएको थियो । यसपछि वर्तमान कोरोना महामारी र अन्य कारणले गएको वर्ष स्वर्गबास हुनुभएका शेयरधनी र साना किसान विकास अभियन्ताहरुको सम्झनामा १ मिनेट मौनधारण गरिएको थियो ।

५.३. साधारण सभामा उपस्थित शेयरधनीहरुलाई अध्यक्षको सहमतिबाट प्रमुख कार्यकारी अधिकृत डा. शिवराम प्रसाद कोइरालाले वित्तीय संस्थाका गतिविधि, हालसम्मको उपलब्धी र भविष्यका कार्यक्रमहरु माथि प्रकाश पार्दै स्वागत मन्तव्य प्रस्तुत गर्नुभएको थियो ।

५.४. पूर्व निर्धारित छलफलका विषयहरुउपर छलफल तथा निर्णयार्थ सभा सञ्चालन गर्न सभाका अध्यक्षबाट अनुमती भए पश्चात साधारण सभाको कार्यक्रम प्रारम्भ भयो ।

## ६. सञ्चालक समितिको तर्फबाट अध्यक्ष★ारा वार्षिक प्रगति प्रतिवेदन प्रस्तुती

६.१. सभाका अध्यक्षज्यूले उपस्थित सबै शेयरधनी महानुभावहरुलाई स्वागत एवम् अभिवादन गर्दै पूर्वनिर्धारित छलफलको विषयसूची अनुसार आ.व.२०७६/७७ को सञ्चालक समितिको प्रतिवेदन सभामा पढेर सुनाउनु भयो । उक्त प्रतिवेदन वित्तीय संस्थाले छपाई गरी उपस्थित शेयरधनीहरुलाई वितरण गरेको थियो भने वित्तीय संस्थाको वेबसाइटमा समेत डाउनलोड गर्न सक्ने गरी राखिएको थियो ।

६.२. अध्यक्षको प्रतिवेदन प्रस्तुत भए पश्चात् कम्पनी सचिवले इच्छुक शेयरधनी महानुभावहरुलाई सञ्चालक समितिको प्रतिवेदन एवम् लेखा परीक्षकको प्रतिवेदन सहित २०७७ आषाढ मसान्तको वासलात र मिति २०७६/०४/०१ देखि २०७७/०३/३१ सम्मको नाफा नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु उपर छलफल एवम् आ-आफ्नो विचार, जिज्ञासा, सुझावका लागि आह्वान गर्नुभएको थियो । उक्त विषयमा छलफल गर्न चाहाने शेयरधनीहरुको नाम माग गरिएको थियो । विद्युतीय माध्यमबाट सहभागी भएका शेयरधनीहरुलाई प्रतिवेदनउपर छलफलमा भाग लिई बोल्नको लागि वित्तीय संस्थाको कम्पनी सचिवालयको इमेल companysecretary@skbbl.com.np मा इमेल पठाउन सूचना प्रकाशन गरिएकोमा कुनै पनि शेयरधनीबाट यस प्रकारको इमेल प्राप्त भएन । प्रत्यक्ष उपस्थित र जुम मिटिङ्ग मार्फत भर्चुअली जोडिनु भएका सहभागीहरुलाई सोही सभाबाट नै कम्पनी सचिवले बोल्न र प्रश्न गर्न आह्वान गरेकोमा सभामा प्रत्यक्ष उपस्थित मध्ये एक जना प्रतिनिधिले मात्र बोल्न समय माग्नु भएको थियो ।

## ७. छलफलमा शेयरधनीहरुबाट प्रस्तुत विचार, जिज्ञासा तथा सुझावहरु

छलफलको क्रममा शेयरधनी वक्ताहरुले व्यक्त गर्नुभएको विचार, जिज्ञासा तथा सुझावहरुलाई तल प्रस्तुत गरिएकोछ ।

**श्री डिल्ली प्रसाद पाठक (प्रतिनिधि शेयरधनी नम्बर ५७, साना किसान कृषि सहकारी संस्था सलाङ्ग)**

संस्थापक शेयरधनी साना किसान कृषि सहकारी संस्था लि. सलाङ्गका अध्यक्ष तथा सो क्षेत्रका अन्य १८ संस्थापक शेयरधनी साना किसान कृषि सहकारी संस्थाहरुको समेत प्रतिनिधित्व गरी सभामा सहभागी हुनु भएका श्री डिल्ली प्रसाद पाठकले कोरोना महामारीका कारण भर्चुअल (जुम) विधिबाट साधारण सभा भएको र त्यसमा झण्डै दुई तिहाइ शेयर बराबरको प्रतिनिधित्वमा सफलतापूर्वक सभा सम्पन्न भएको बताउँदै देहायका कुराहरुमा जोड दिनु भयो :

(१) हाल १००० जति साना किसान कृषि सहकारी संस्थाहरु भई सकेका तर २३१ संस्थाहरुले मात्र यस वित्तीय संस्थाको संस्थापक शेयर लिन पाएकोमा सबै साना किसान कृषि सहकारीहरुलाई वित्तीय संस्थाको शेयर धनी बनाउन यथाशक्य चाँडो पहल गर्नु पर्‍यो ।

(२) वित्तीय संस्थाले लिने ब्याजदर घटाउनु पर्‍यो । बजारमा प्रतिस्पर्धा बढेको छ ।

(३) वित्तीय संस्थाको कारोबारका साझेदार संस्थाहरु साना किसान कृषि सहकारी संस्था लि. हरु नै हुन् । यिनका नेतृत्ववर्ग, कर्मचारी र साना किसानहरुलाई आवश्यकता अनुरुपको तालिमको व्यवस्था गरियोस् ।

(४) साना किसान कृषि सहकारीको कार्य क्षेत्र भित्रका बासिन्दालाई नै लक्षित गरी उत्पादक र उपभोक्ताको पहिचान गरी किसानको उत्पादनको बजारीकरण व्यवस्था गर्न सकेमात्र किसानको

उत्पादनले उचित मूल्य प्राप्त गर्न सक्ने र त्यसबाट वित्तीय संस्था र सहकारीको लगानीको जोखिम न्यूनीकरण हुने भएकोले यस तर्फ वित्तीय संस्थाले सहयोग जुटाउनु पऱ्यो ।

(५) नेपाल सरकारको नीति अनुरुप अहिले सहकारीहरुले सरकारले तोकेको मूल्यमा धान खरिद गरेका छन् । बजारमा कम मूल्यमा धान बिक्री भइरहेको छ । गोदाम व्यवस्थित नभएको अवस्थामा बढी मूल्य तिरेको धान बिक्री गर्न समेत कठिनाई हुने देखिन्छ । यस सम्बन्धमा वित्तीय संस्था र कृषि सहकारी संघले सरकारसँग समन्वय गरी समयमा नै आवश्यक व्यवस्था मिलाउनु पऱ्यो ।

(६) वित्तीय संस्थामार्फत प्रवाह हुने बागमती प्रदेश सरकारको सहुलियतपूर्ण ऋणमा १.५% मात्र मार्जिन छ । यसबाट संस्था कसरी चलाउनु ? यसमा पुनर्विचार गरियोस् । अन्त्यमा यो सभाको पूर्ण सफलताको कामना गर्दै सबैलाई धन्यवाद ज्ञापन गर्न चाहान्छु ।

## ८. पेश भएका सुझाव तथा जिज्ञासाहरुको जवाफ

छलफलमा भाग लिने सम्पूर्ण शेयरधनीहरुलाई धन्यवाद दिँदै त्यहाँ उठेका जिज्ञासाहरुको सभापति एवम् वित्तीय संस्थाका अध्यक्ष श्री खेम बहादुर पाठकले देहाय बमोजिम जवाफ दिनुभएको थियो ।

- ब्याज घटाउने चाहना राख्नु ठीकै हो तर प्राप्त हुने आम्दानीले वित्तीय संस्था, सहकारी संस्था पछिसम्म सेवा दिन सक्षम हुन्छ हुँदैन त्यसमा विचार पुऱ्याउन आवश्यक हुन्छ । वित्तीय संस्थाको सञ्चालक समितिले ब्याजदर निर्धारणमा जहिले पनि साना किसानहरुलाई केन्द्रबिन्दुमा राखेर निर्णय गर्ने गरेकोछ । ब्याजदरलाई बजारको उतार चढावले पनि प्रत्यक्ष असर गर्ने भएकोले तलमाथि भईरहन्छ ।

- वित्तीय संस्थाले पशुपालन, तरकारी, कृषि कर्जा, चिया उद्योगका लागि कार्यशिल पुँजी जस्ता कर्जाहरुमा ब्याजदर वार्षिक ५%, ग्रामीण उद्यम कर्जा वार्षिक ६.५%, जीविकोपार्जन पुनरस्थापना कर्जा वार्षिक २%, विपद तथा महामारीयुक्त समयमा उपलब्ध गराउने गरी व्यवस्था भएको पुनरुत्थान कर्जा वार्षिक ७.२५% मा उपलब्ध गराई विपन्न तथा गरीबहरुलाई सहुलियत ब्याजदरमा कर्जा उपलब्ध गराउन हरसम्भव प्रयास गर्दै आएको छ । यसै गरी वित्तीय बजारमा आधारित लघुकर्जालाई समेत कोरोना महामारीको असरबाट साना किसानहरुलाई राहत दिने अभिप्रायले ब्याजमा छुट तथा ब्याजदरमा नै कमी गर्दै लगेको यहाँहरुलाई जानकारी नै छ । सबै ऋणमा ब्याज घटाउँदै जाँदा भोली वित्तीय संस्था नै टाटपल्टिने अवस्था हामीले सृजना गर्नु हुँदैन, यो सबैलाई जानकारी भएकै विषय हो ।

- ऋणबाट आयआर्जन गर्न सक्नु पर्छ । कर्जाको सही परिचालन गर्न नसकेमा ब्याजदर मात्रको कमीले ठूलो अर्थ राख्दैन । अरु लघुवित्तकोभन्दा यो वित्तीय संस्थाको ऋण प्रकृया झण्झटिलो छ भन्ने सुन्नमा आएको छ । ऋणको लगानी र प्रतिफलका विषय नजानी सहज ऋणको उपलब्धताले मान्छेलाई धनी होइन झन गरीब बनाउँन सक्छ । तसर्थ, ऋण प्रदान गर्नु अघि ऋणको उपयोग हुने कार्य र त्यसबाट आउने प्रतिफल नबुझी ऋण लगानी गर्नु हुँदैन भन्ने यस वित्तीय संस्थाको मान्यता रही आएको छ ।

- ग्रामीण उद्यम कर्जा, सीप तथा क्षमतामा आधारित कर्जा हो । यो कर्जालाई राम्ररी परिचालन गरी नेपालमा कृषिको रुपान्तरणको माध्यम बनाउन आवश्यक भएकोले यो कर्जा लगानी ठीक ढङ्गबाट हुने वातातवरण मिलाउन सबै संस्थाहरुलाई आग्रह गर्दछु । यसमा सरकारले तोकेको अधिकतम सीमाभन्दा पनि कम ब्याजदर कायम गरी लगानी गर्ने व्यवस्था वित्तीय संस्थाले मिलाएको छ ।

- साना किसानहरुलाई सहुलियत कर्जाको व्यवस्था गर्न अहिले हामीले बागमती प्रदेश सरकारसँग सम्झौता गरेका छौं । भविष्यमा सबै प्रदेश सरकारसँग साझेदारी गर्ने प्रयास हाम्रो हुनेछ ।
- धान तथा किसानका अन्य उत्पादन खरिद/बिक्रीको व्यवस्था हामील नै गर्दै जानुपर्ने हुन्छ । कृषि सहकारीको यो धर्म पनि हो । कानूनी व्यवस्थाले पनि हामीलाई बाध्य बनाएको छ । तर बजारको लागि हामीले अहिलेसम्म ठाउँ पाउन सकेका छैनौं । बजारीकरण प्रयास हाम्रो निरन्तर हुँदै आएको छ ।
- प्राप्त सुझावहरुलाइ मनन गरी त्यसको कार्यान्वयन गर्न हामी प्रतिवद्ध छौं । आगामी दिनमा प्राप्त सुझावहरु अनुसार कमिकमजोरीहरु सच्याएर जान प्रयत्नशील रहनेछौं ।
- लाभांश वा प्रतिफल बढी चाहियो भन्ने एकथरी शेयरधनी हुनुहुन्छ भने अर्कोथरी शेयरधनी ब्याज सहुलियत चाहियो भन्ने हुनुहुन्छ । यसमा सन्तुलन ल्याउन अति कठिन छ । तर हामी सन्तुलित बनाउँदै लाने कार्यमा सजग छौं ।
- त्यति कठिन जिज्ञासाहरु आएनन् । हाम्रो प्रतिवेदन यहाँहरुले सहर्ष स्वीकार गरिदिनु भएकोमा सबै उपस्थित शेयरधनी महानुभावहरु प्रति आभारी छु ।

## ९. सभाको निर्णय

छलफलमा उठेका जिज्ञासाहरुको जवाफ दिने क्रम सकिएपछि सभाको सूचनामा नै उल्लेख भएका छलफलका विषय सूचीमा उल्लेखित सामान्य र विशेष प्रस्तावहरु सभाद्वारा पारित गर्नका लागि एक एक गरी प्रस्तुत गरिएकोमा उपस्थित शेयरधनीहरुले करताल ध्वनिका साथ स्वीकृति दिएको हुँदा देहायका प्रस्तावहरुमा देहाय अनुसार गर्ने गरी सर्वसम्मत निर्णय भएको कुरा सभाका अध्यक्षले कम्पनी ऐन, २०६३ को दफा ७४ बमोजिम घोषणा गर्नुभयो :

### (क) सामान्य प्रस्ताव

**१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुभएको आ.व.२०७६/७७ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।**

**निर्णय**

अध्यक्षको मन्तव्य सहित सञ्चालक समितिको आर्थिक वर्ष २०७६/७७ को वार्षिक प्रतिवेदन उपर छलफल पश्चात पारित गर्नका लागि निर्णयार्थ यस सभामा प्रस्तुत हुँदा उक्त प्रस्ताव सभामा उपस्थित शेयरधनीहरुबाट सर्वसम्मतिले पारित गरियो ।

**२. लेखा परीक्षकको प्रतिवेदन सहितको आ.व.२०७६/७७ को वासलात, सोही अवधिको नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण र सो सम्बन्धी अनुसूचीहरु लगायत वार्षिक आर्थिक विवरणहरु समेत छलफल गरी पारित गर्ने ।**

**निर्णय**

लेखा परीक्षकको प्रतिवेदन सहितको आ.व. २०७६/७७ को वासलात, सोही अवधिको नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण र सो सम्बन्धी अनुसूचीहरु लगायत वार्षिक आर्थिक विवरणहरु समेत छलफल गरी पारित गरिदिन सभामा पेश भएको प्रस्ताव उपस्थित शेयरधनीहरुबाट सर्वसम्मतिले पारित गरियो ।

**३. कम्पनी ऐन २०६३ को दफा १११ एवम् बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३(१) अनुसार आ. व. २०७७/७८ को लागि लेखा परीक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने ।** *(लेखा परीक्षण समितिबाट कम्पनी ऐन, २०६३ को दफा १६५ को खण्ड (घ) को अधिनमा रही लेखा परीक्षकको पुन: नियुक्तिका लागि पारिश्रमिक भ्याट समेत रु. ३,५०,०००/- (अक्षरेपी तीन लाख पचास हजार) मात्र (कम्पनी ऐन २०६३ को दफा ७८ बमोजिमका प्रगति विवरण प्रमाणित र कर लेखा परीक्षण समेत) उपलब्ध गराउने गरी साविकका लेखा परीक्षक सि.ए. खगेन्द्र भट्टराई (खगेन्द्र एण्ड एसोसिएट्स) चार्टर्ड एकाउण्टेण्ट्सको नाम सिफारिस भई आएको छ ।)*

**निर्णय**

यस वित्तीय संस्थाको आ.व.२०७७/७८ को लागि लेखा परीक्षण गर्न लेखा परीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा सभामा प्रस्तुत प्रस्ताव उपर छलफल हुँदा यस वित्तीय संस्थाको आ.व.२०७७/७८ को आर्थिक कारोबारको कम्पनी ऐन २०६३ को दफा ७८ बमोजिमका प्रगति विवरण प्रमाणित र कर लेखा परीक्षण समेत सम्पन्न गर्ने कार्यका लागि लेखा परीक्षकमा श्री खगेन्द्र भट्टराई, खगेन्द्र एण्ड एसोसिएट्स, चार्टर्ड एकाउण्टेण्टस्लाई मूल्य अभिवृद्धि कर समेत रु. ३,५०,०००/- (तीन लाख पचास हजार) मात्र पारिश्रमिक प्रदान गर्ने गरी वित्तीय संस्थाको आ.व. २०७७/७८ का लागि लेखा परीक्षक नियुक्त गर्न सर्वसम्मतिले पारित गरियो ।

**४. आ.व.२०७६/७७ को कारोबारबाट भएको मुनाफा मध्येबाट शेयरधनीहरुलाई चुक्ता पुंजी रु. १,००,०२,२९,४२५/६६ को १.३१५७८९४७४ प्रतिशतले हुने नगद लाभांश रु. १,३१,६०,९१३/५० (अक्षेरेपी एक करोड एकतीस लाख साठी हजार नौसय तेह्र रुपियाँ पचास पैसा मात्र) नगद लाभांश (कर प्रयोजनका लागि) प्रदान गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।**

**निर्णय**

सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०७५/७६ को कारोबारबाट भएको मुनाफा मध्येबाट शेयरधनीहरुलाई चुक्ता पुँजी रु. १,००,०२,२९,४२५/६६ को १.३१५७८९४७४ प्रतिशतले हुने नगद लाभांश रु. १,३१,६०,९१३/५० (अक्षेरेपी एक करोड एकतीस लाख साठी हजार नौसय तेह्र रुपियाँ पचास पैसा मात्र) नगद लाभांश (कर प्रयोजनका लागि) प्रदान गर्ने सम्बन्धमा छलफल हुँदा सञ्चालक समितिबाट प्रस्ताव गरे बमोजिम नै नगद लाभांश रु. १,३१,६०,९१३/५० (अक्षेरेपी एक करोड एकतीस लाख साठी हजार नौसय तेह्र रुपियाँ पचास पैसा मात्र) कर प्रयोजनका लागि नगद लाभांश प्रदान गर्न सर्वसम्मतिले स्वीकृति प्रदान गरियो ।

**५. यस वित्तीय संस्थाको स्वतन्त्र सञ्चालक पदमा नियुक्ति सम्बन्धमा ।**

**निर्णय**

वित्तीय संस्थाको सञ्चालक समितिको मिति २०७७/०९/०८ गते बसेको बैठकबाट स्वतन्त्र सञ्चालक पदमा श्री महेन्द्र प्रसाद श्रेष्ठलाई नियुक्त दिने निर्णय गरी मिति २०७७/०९/१६ गते निजबाट पद तथा गोपनीयताको सपथग्रहण भई पदभार सम्हाल्नु भएको जानकारी भयो ।

(ख) विशेष प्रस्ताव :

**१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०७६/७७ को कारोबारबाट भएको मुनाफा मध्येबाट शेयर धनीहरुलाई चुक्ता पुंजी रु. १,००,०२,२९,४२५/६६ को २५ प्रतिशतले हुने रु. २५,००,५७,३५६/४२ (अक्षरेपी पचीस करोड सन्ताउन्न हजार तीनसय छपन्न रुपैयाँ बयालिस पैसामात्र) बराबरको बोनस शेयर वितरण गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।**

**निर्णय**

सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०७६/७७ को कारोबारबाट भएको मुनाफा मध्येबाट शेयर धनीहरुलाई चुक्ता पुंजी रु. १,००,०२,२९,४२५/६६ को २५ प्रतिशतले हुने रु. २५,००,५७,३५६/४२ (अक्षरेपी पचीस करोड सन्ताउन्न हजार तीनसय छपन्न रुपैयाँ बयालिस पैसामात्र) बराबरको बोनस शेयर वितरण गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित गरियो ।

**२. यस वित्तीय संस्थाको १३ औं साधारणसभाबाट स्वीकृत भई हकप्रद शेयर निष्कासन गर्दा बिक्री नभई बाँकी रहेको १२,४४२ कित्ता शेयरलाई लिलाम गरी बिक्री गर्न नेपाल धितोपत्र बोर्डबाट मिति २०७७/३/३१ मा निर्देशन भएको हुँदा ३३६८ कित्ता प्रवर्धक शेयर र ९०७४ कित्ता सर्वसाधारण शेयर गरी रु. १००/- दरका जम्मा १२,४४२ कित्ता शेयर लिलाम बिक्री गरी वित्तीय संस्थाको प्रबन्धपत्रमा सोही अनुसार संशोधन गर्ने ।**

**निर्णय**

यस वित्तीय संस्थाको १३ औं वार्षिक साधारणसभाबाट स्वीकृत भई हकप्रद शेयर निष्कासन गर्दा बिक्री नभई बाँकी रहेको १२,४४२ कित्ता शेयरलाई लिलाम गरी बिक्री गर्न नेपाल धितोपत्र बोर्डबाट मिति २०७७/३/३१ मा निर्देशन भएको हुँदा ३३६८ कित्ता प्रवर्धक शेयर र ९०७४ कित्ता सर्वसाधारण शेयर गरी रु. १००/- दरका जम्मा १२,४४२ कित्ता शेयर लिलाम बिक्री गरी वित्तीय संस्थाको प्रबन्धपत्रमा सोही अनुसार संशोधन गर्न स्वीकृति प्रदान गरियो ।

**३. यस वित्तीय संस्थाको प्रबन्धपत्रमा व्यवस्था भएको जारी र चुक्ता पुंजी क्रमशः रु. १,०००,२२९,४२५.६६ र रु. १,०००,२२९,४२५.६६ मा माथि विशेष प्रस्ताव (१) र (२) अनुसार वृद्धि गरी जारी र चुक्ता पुंजी क्रमश रु. १,२५,१५,३०,९८२/०८ र रु. १,२५,१५,३०,९८२/०८ कायम गर्ने र सोही बमोजिम मिलान गर्न प्रबन्धपत्रको दफा ५ मा संशोधन गर्ने ।**

**निर्णय**

यस वित्तीय संस्थाको प्रबन्धपत्रमा व्यवस्था भएको जारी र चुक्ता पुंजी क्रमशः रु. १,०००,२२९,४२५.६६ र रु. १,०००,२२९,४२५.६६ मा माथि विशेष प्रस्ताव (१) र (२) अनुसार वृद्धि गरी जारी र चुक्ता पुंजी क्रमश रु. १,२५,१५,३०,९८२/०८ र रु. १,२५,१५,३०,९८२/०८ कायम गर्ने र सोही बमोजिम मिलान गर्न प्रबन्धपत्रको दफा ५ मा संशोधन गर्ने प्रस्ताव प्रस्तुत भई छलफल हुँदा सर्वसम्मतिबाट स्वीकृति प्रदान गरियो ।

**(४) यस वित्तीय संस्थाको नियमावलीको नियम २ र नियम २९ को उपनियम (१) खण्ड (घ) को उपखण्ड (आ) लाई संलग्न तीन महले विवरण अनुसार संशोधन गर्ने ।**

**निर्णय**

यस वित्तीय संस्थाको नियमावलीको नियम २ र नियम २९ को उपनियम (१) खण्ड (घ) को उपखण्ड (आ) लाई संलग्न तीन महले विवरण अनुसार संशोधन गर्न सर्व सम्ममतिले स्वीकृति गरियो ।

**(५) नियमनकारी निकायबाट प्रबन्धपत्र तथा नियमावलीमा संशोधन/फेरबदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार सोमा थपघट, परिमार्जन संशोधन तथा सच्याउनका लागि सञ्चालक समितिलाई अख्तियारी दिने ।**

**निर्णय**

नियमनकारी निकायबाट प्रबन्धपत्र तथा नियमावलीमा संशोधन/फेरबदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार सोमा थपघट, परिमार्जन संशोधन तथा सच्याउनका लागि सञ्चालक समितिलाई सर्व सम्मतिबाट अख्तियारी दिने निर्णय भयो ।

**(ग) विविध :** विविध विषयमा कुनै छलफल भएन ।

## १०. सभा विसर्जन

१०.१. साधारण सभाको निर्णय पुस्तिकामा कम्पनी ऐन, २०६३ को दफा ७५ को उपदफा (१) मा भएको व्यवस्था बमोजिम अध्यक्ष र कम्पनी सचिवले प्रमाणित गर्ने बेहोरा सभालाई जानकारी गराईयो ।

१०.२. सभाको अन्त्यमा सम्पूर्ण शेयरधनी महानुभाव एवम् सभामा प्रत्यक्ष परोक्षरुपमा सहयोग गर्नु हुने सबैमा सभाका अध्यक्ष श्री खेम बहादुर पाठकले धन्यवाद ज्ञापन गर्नु भएको थियो ।

१०.३. छलफल तथा निर्णयको क्रम समाप्त भएपछि सभाका अध्यक्ष श्री खेम बहादुर पाठकले शेयरधनी महानुभावहरुबाट छलफलमा सकारात्मक तथा सक्रिय रुपले सहभागी हुनुका साथै उहाँहरुबाट आवश्यक मार्गदर्शन प्राप्त भएकोमा सबै प्रति आभार व्यक्त गर्नु भयो । यो कोरोनाका महामारी बीच भर्चुअल विधिबाट सम्पन्न गर्नुपर्ने वाध्यात्मक अवस्थामा पनि यति राम्रो सहभागिताबाट यो सभा सम्पन्न गर्न पाउनु हाम्रो अहोभाग्य हो भन्नु हुँदै यो १९ औं वार्षिक साधारण सभा सफलतापूर्वक सञ्चालन एवम् सम्पन्न गर्न आफ्नो अमूल्य समय दिनुका साथै सभा सफलतापूर्वक सम्पन्न गर्नमा पुऱ्याउनु भएको सहयोग र सक्रिय सहभागिताको लागि शेयरधनी महानुभावहरु एवम् सभा सफलतापूर्वक सम्पन्न गर्न प्रत्यक्ष वा परोक्षरुपमा सहयोग पुऱ्याउनु हुने सबैमा धन्यवाद ज्ञापन गर्दै सभापतिद्वारा सभा विसर्जन गरियो ।

| | |
|---|---|
| ........................ | ............................ |
| **(झलेन्द्र भट्टराई)** | **(खेम बहादुर पाठक)** |
| कम्पनी सचिव | अध्यक्ष |

पौष २८, २०७७

# साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. को

## १९ औं वार्षिक साधारण सभामा पेश भएको प्रबन्धपत्र संशोधन सम्बन्धी प्रस्तावको तीन महले

| सि.नं. | दफा/उपदफा | हालको व्यवस्था | संशोधनको लागि प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| १ | २ | २. **वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय (केन्द्रीय कार्यालय) रहने ठेगाना :** (१) यस वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय बाग्मती अञ्चल, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं ३५ मा रहनेछ। | २. **वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय ( केन्द्रीय कार्यालय) रहने ठेगाना :** (१) यस वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय बाग्मती अञ्चल, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं ३२ मा रहनेछ । | नेपाल सरकारबाट प्रशासनिक संरचनामा परिवर्तन हुँदा साविक वडा नं. परिवर्तन भएकोले । |
| २ | दफा-५ को खण्ड (ख) र (ग) | **वित्तीय संस्थाको पुँजीको संरचना :** वित्तीय संस्थाको पुँजीको संरचना देहाय बमोजिम हुनेछः-<br>(ख) वित्तीय संस्थाको तत्काल जारी गर्ने शेयर पुँजी रु. १,००,०२,२९,४२५।६६ (अक्षरेपी एक अर्ब दुई लाख उनन्तिस हजार चार सय पच्चिस पैसा छैसट्ठी मात्र) हुनेछ ।<br>(ग) वित्तीय संस्थाको तत्काल चुक्ता पुँजी रु. १,००,०२,२९,४२५।६६ (अक्षरेपी एक अर्ब दुई लाख उनन्तिस हजार चार सय पच्चिस पैसा छैसट्ठी मात्र) हुनेछ । | **वित्तीय संस्थाको पुँजीको संरचना** : वित्तीय संस्थाको पुँजीको संरचना देहाय बमोजिम हुनेछ :-<br>(ख) वित्तीय संस्थाको तत्काल जारी गर्ने शेयर पुँजी रु. १,२५,१५,३०,९८२.०८ (अक्षरेपी एक अर्ब पच्चीस करोड पन्ध्रलाख तीस हजार नौसय बयासी रुपैयाँ आठ पैसा मात्र) हुनेछ ।<br>(ग) वित्तीय संस्थाको तत्काल चुक्ता पुँजी रु. १,२५,१५,३०,९८२.०८ (अक्षरेपी एक अर्ब पच्चीस करोड पन्ध्रलाख तीस हजार नौसय बयासी रुपैयाँ आठ पैसा मात्र) हुनेछ । | आ.व. २०७६/७७ मा प्रदान गरिने बोनस शेयर एवम् बिक्री हुन बाँकी हकप्रद शेयर थप हुन गई कायम हुने जारी तथा चुक्ता पुँजी मिलान गर्नुपर्ने भएकोले । |

# साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. को

## १९ औं वार्षिक साधारण सभामा पेश भएको नियमावली संशोधन सम्बन्धी प्रस्तावको तीन महले

| सि. नं. | नियम | उपनियम | खण्ड | हालको व्यवस्था | संशोधनको लागि प्रस्तावित व्यवस्था | कारण |
|---|---|---|---|---|---|---|
| १ | २ | - | - | **नियम २. वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय (केन्द्रीय कार्यालय) रहने ठेगाना :** (१) यस वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय बाग्मती अञ्चल, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ३५ मा रहनेछ । | **नियम २. वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय (केन्द्रीय कार्यालय) रहने ठेगाना :** (१) यस वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय बाग्मती अञ्चल, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ३२ मा रहनेछ । | नेपाल सरकारबाट प्रशासनिक संरचनामा परिवर्तन हुँदा साविक वडा नं. परिवर्तन भएकोले । |
| २ | २९ | (१) | (घ) | (आ) वित्तीय संस्थाका अध्यक्षको सुविधा देहायको बमोजिम हुनेछ ।<br>(१) वित्तीय संस्थाका अध्यक्षलाई मासिक पत्रपत्रिका बापत रु.१०००/-(अक्षेरेपी एकहजार मात्र) र सञ्चालकलाई रु.५,००/- (अक्षेरेपी पाँचसय मात्र) उपलब्ध गराइने छ ।<br>(२) तर यस वित्तीय संस्थाका अध्यक्षले अन्य कुनै निकाय वा प्रतिनिधित्व गर्ने संघ संस्थाबाट माथि (१) मा उल्लेखित सुविधाहरु लिएको भएमा सो कम भए जतिको फरक रकम मात्र उपलब्ध गराइनेछ । | (आ) पत्रपत्रिका सुविधा : वित्तीय संस्थाका अध्यक्षलाई मासिक पत्रपत्रिका बापत रु.१०००/-(अक्षेरेपी एकहजार मात्र) र सञ्चालकलाई रु.५,००/- (अक्षेरेपी पाँचसय मात्र) उपलब्ध गराइनेछ । | खण्ड अनुसारका शीर्षक मिलान गर्न उपयुक्त देखिएको र आवश्यकतानुसार परिमार्जन गर्न पर्ने भएकोले । |